## जिल्ला विकास समितिको कार्यालय, डडेल्धुरा

१३७. **निकासा कट्टा** – गाउं विकास समिति अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०६३ बमोजिम गाउं विकास समितिमा नेपाल सरकारले पठाउने अनुदान रकमबाट पहाडी जिल्लाहरुमा २.५ प्रतिशत रकम कट्टा गरी प्रशासनिक खर्च बापत जिल्ला विकास समितिको खातामा जम्मा गर्नुपर्ने व्यवस्थाबमोजिम रु.२५ लाख चालु अनुदान निकासा दिंदा रु.६२ हजारसम्म कट्टा गर्नपाउनेमा रु.१ लाख ६७ हजार कट्टा गरेकोले निर्देशिका विपरीत रु.१ लाख ४ हजार बढी कट्टा गरेको छ ।

१३८. **कार्यसम्पन्न** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ का नियम ७८ अनुसार अधिकारप्राप्त अधिकारीले निर्माण सम्बन्धी काम सम्पन्न भएपछि कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । तर उद्योग वाणिज्य संघको भवन निर्माण बापत अन्तिम बिल भुक्तानी गर्दा जिल्ला विकास समितिबाट रु.१ लाख खर्च लेखेकोमा कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन ।